नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**कृषि सूचना तथा प्रशिक्षण केन्द्र**
**हरिहरभवन, ललितपुर**

*फोन नं: १-५४२२२४८/५४२५६१७/ ५४२२२५८*
*Email: info@aitc.gov.np*
*Web: www.aitc.gov.np*

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम २०८३ साल बैशाख देखि २०८३ साल असार मसान्त सम्मको स्वतःप्रकाशन तथा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरणः-



**स्वतः प्रकाशन**

कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवनबाट हुने कार्यसम्पादनहरुलाई खुला र पारदर्शी बनाई सार्वजनिक महत्वका सूचनामा आम नागरिकहरुको पहुँचलाई सरल र सहज बनाउने उद्देश्यले सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक ३/३ महिनामा प्रकाशन गर्नु पर्ने यस कार्यालयको सूचना अन्तर्गत हाल चालु आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधि अर्थात २०८३ साल बैशाखदेखि २०८३ साल असार मसान्तसम्म सम्पादन गरिएका मुख्य मुख्य कामहरुको त्रैमासिक विवरण जानकारीका लागि प्रकाशन गरिएको छ।


## १) निकायको स्वरुप र प्रकृति


**परिचय**

साविक कृषि सूचना तथा संचार केन्द्र, राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष र कृषि तालिम निर्देशनालयल एकीकरण गरी २०७५ श्रावण महिना देखि साविक कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतमा रहने गरी यस कृषि सूचना तथा प्रशिक्षण केन्द्र स्थापना भएको हो । तत्पश्चात यस कार्यालयबाट ती निकायहरुद्वारा सम्पादन हुदै आएका कृषि सूचना र सञ्चार सम्वद्ध प्रकाशन,रेडियो तथ टेलिभिजन कृषि कार्यक्रम उत्पादन तथा प्रसारण, कृषि तथा पशुपन्छी क्षेत्रका प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने तालिम लगायतका कार्यहरु गर्दै आएको छ । यसको अलवा आ.व. २०७९।८० देखि किसान सूचीकरण कार्यक्रमको समन्वय एवम् व्यवस्थापन पनि यसै केन्द्रबाट हुदै आएको छ ।

यस केन्द्रको एतिहासिक पृष्ठभूमि अध्ययन गर्दा परम्परागत कृषि पेशालाई ज्ञानमा आधारित व्यावसायिक कृषिमा रूपान्तरण गर्न आम संचार माध्यमको उपयोग गरी कृषि प्रविधियुक्त सामाग्री र जानकारीमूलक सूचनाहरु कृषक,कृषि उद्यमी,प्रसारकर्ता र सरोकारवालाहरू समक्ष पुर्याउने मूख्य जिम्मेवारीका लागि शुरुमा वि.सं. २०२२ सालमा कृषि विभाग मातहत **कृषि सूचना शाखा**को स्थापना भएको थियो । उक्त केन्द्र वि.सं. २०४६ सालमा **कृषि सञ्चार महाशाखा**को रुपमा परिणत भई वि.सं. २०५७ सालमा तत्कालिन कृषि विकास मन्त्रालय मातहतमा रहने **कृषि सूचना तथा सञ्चार केन्द्र**को रुपमा रुपान्तरण भएको हो । तत्पश्चात २०७५ श्रावण महिनाबाट **कृषि सूचना तथा प्रशिक्षण केन्द्र**को रुपमा संगठन संरचना स्वीकृत भई तोकिएका कार्य गर्दै आएको छ । केन्द्रबाट सम्पादन हुने कार्यहरुको विकासक्रम हेर्दा आम संचारका विभिन्न माध्यमहरु मध्ये वि.सं. २०१८ सालदेखि बन तथा कृषि मन्त्रालयद्वारा प्रकाशन शुरु गरिएको कृषि द्वैमासिक पत्रिका लगायत अन्य पुस्तिका, फोल्डर, पोष्टर एवं कृषि डायरी वि.सं. २०२२ सालदेखि र कृषि क्यालेण्डर आ.व. २०४५।४६ देखि नियमित रुपमा प्रकाशन तथा वितरण हुँदै आएका छन् । वि.सं. २०१८ सालमा ग्राम सेवा कार्यक्रम अन्तर्गत रेडियो कृषि कार्यक्रम प्रसारण शुरु भई वि.सं. २०२३ साल मंसिर २५ देखि रेडियो नेपालबाट नियमित रुपमा कृषि कार्यक्रम प्रसारण भईरहेको छ । वि.सं. २०४६ सालदेखि श्रव्य दृष्य कार्यक्रम अन्तर्गत भिडियो डकुमेन्ट्री तयार गरी नेपाल टेलिभिजनबाट प्रसारण गराउन शुरु भएकोमा वि.सं. २०५४ सालदेखि नेपाल टेलिभिजनबाट नियमित रुपमा कृषि कार्यक्रम प्रसारण गर्दै आएको छ ।

त्यसै गरी प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित भई कृषि क्षेत्रको समग्र विकासका लागि सरकारी,निजी र गैह्रसरकारी निकाय एवं नागरिक समाजबाट कृषि अनुसन्धान तथा विकास सम्बन्धी आयोजना प्रस्तावहरू माग गरी उपयुक्त एवं प्राथमिकता प्राप्त आयोजनालाई पूर्ण वा आंशिक रूपमा अनुदान दिई सरकारी सेवाको न्यायोचित वितरणद्वारा कार्यक्रम संचालन गर्ने उद्देश्य राखी कार्य संचालन कोष ऐन २०४३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०५८।०८।२५ को निर्णयानुसार स्थापना भएको साविक **राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष**बाट अनुदान प्राप्त आयोजनाहरुको व्यवस्थापन समेत यस केन्द्रबाट हुदै आएकोमा हाल उक्त कोषबाट अनुदान प्राप्त आयोजनाहरुको अवधि समाप्त भई सकेकोले यस केन्द्रले उक्त आयोजनाहरुको अभिलेख व्यवस्थापन गर्दै आएको छ । जनशक्ति विकासतर्फ यस केन्द्रले कृषि सेवामा कार्यरत सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको सिप तथा क्षमता अभिवृद्धिका लागि प्राविधिक, व्यवस्थापन, नियमन लगायतसँग सम्बन्धित तथा सङ्घीय कृषि सेवाका कर्मचारीहरुको वृत्ति विकाससँग सम्बन्धित विषयका तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ ।






**उद्देश्य (Objectives)**

- आधुनिक सूचना प्रविधिको प्रयोगद्वारा कृषक, कृषि प्रसार कार्यकर्ता तथा अनुसन्धानकर्ता बीचको अन्तरसम्बन्ध बढाई ज्ञानमा आधारित कृषि प्रणाली अपनाउन कृषक समुदायलाई उन्मुख तथा अभिप्रेरित गर्ने।
- कृषि क्षेत्रमा समग्र रुपमा हासिल भएका वैज्ञानिक उपलब्धीहरु, खाद्य पोषण, कृषि बजार र कृषि व्यवसाय, सहकारी सम्बन्धी प्रविधि तथा अन्य विविध सूचना जानकारीहरुमा नीति निर्माता, सरकारी तथा गैह्र सरकारी निकायमा कार्यरत कृषि प्राविधिकहरु, कृषि वैज्ञानिकहरु, कृषि उपज प्रशोधन तथा बिक्री वितरणमा संलग्न व्यक्ति संघ संस्थाहरु, सहकारीहरु एवं कृषकहरुको पँहुच सरल र सुलभ गराउने।
- संघ, प्रदेश र स्थानीय स्तरमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धिका लागि प्राविधिक तथा अन्य विशिष्ट प्रकृतिका तालिम कार्यक्रम सञ्चालन गर्ने।
- माग र औचित्यताका आधारमा कृषक/कृषि उद्यमीहरु समावेश गर्ने गरी तालिम कार्यक्रम सञ्चालन गर्ने।
- किसान सूचीकरण प्रणालीको व्यवस्थापन तथा सञ्चालन गर्ने।

## निकायको संगठनात्मक संरचना

कूल दरबन्दी-४४

**प्रमुख**
**(कृषि/समूहकृत नहुने रा.प.प्र.प्रा)- १**

### कृषि तालिम शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
बाली विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली विकास) १
मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/मत्स्य) १
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली संरक्षण) १
प्राविधिक सहायक रा.प.अं.प्र.प्रा (कृषि/कृषि प्रसार) १

### कृषि सूचना र समन्वय शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बाली विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली विकास) १
कृषि प्रसार अधिकृत रा.प.तृ.प्रा (कृषि/कृषि प्रसार) १

### पशुपन्छी तालिम शाखा

वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा (कृषि/ला.पो.डे.डे) १
पशु चिकित्सक रा.प.तृ.प्रा (कृषि/भेटेरिनरी) १
पशु सेवा प्राविधिक रा.प.अं.प्र.प्रा (कृषि/ला.पो.डे.डे) १

### प्रशासन शाखा

ना.सु रा.प.अनं.प्र (प्र/सा.प्र) १
लेखापाल रा.प.अनं.प्र (प्र/लेखा) १
कम्प्युटर अपरेटर रा.प.अनं.प्र (विविध) १
खरिदार रा.प.अनं.द्वि (प्र/सा.प्र) १
हसचा श्रेणीविहीन ४
का.स. श्रेणीविहीन ५

### कृषि अनुसन्धान तथा विकास प्रतिस्पर्धी कोष व्यवस्थापन शाखा

वरिष्ठ कृषि अर्थ विज्ञ रा.प.द्वि.प्रा (कृषि/एग्री इको) १
कृषि प्रसार अधिकृत रा.प.तृ.प्रा (कृषि/कृषि प्रसार) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
पशु विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/ला.पो.डे.डे) १

### प्रकाशन शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली संरक्षण) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
पशु विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/ला.पो.डे.डे) १

### प्रसारण शाखा

वरिष्ठ कृषि प्रसार अधिकृत रा.प.द्वि.प्रा (कृषि/कृषि प्रसार) १
बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा (कृषि/बाली संरक्षण) १
बागवानी विकास अधिकृत रा.प.तृ.प्रा (कृषि/बागवानी) १
पशु चिकित्सक रा.प.तृ.प्रा (कृषि/भेटेरिनरी) १
रेडियो प्रसारक अधिकृत रा.प.तृ.प्रा (विविध) ३
क्यामेराम्यान रा.प.अनं.प्र. (विविध) १
प्रेस म्यान रा.प.अनं.प्र. (विविध) १
सहायक क्यामेराम्यान रा.प.अनं.द्वि. (विविध) १

## २) निकायको काम, कर्तव्य र अधिकार

- कृषि सूचना तथा सञ्चार र कृषि क्षेत्रको मानव संसाधन विकास सम्वन्धमा नेपाल सरकारलाई नीतिगत पृष्ठपोषण गर्ने,
- राष्ट्रिय कृषि तथा पशुपन्छी मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
- कृषि सूचना तथा सन्चार र मानव संसाधन विकास सम्बन्धी केन्द्र वा कृषि सम्वन्धी तालिम केन्द्रको मापदण्ड विकास तथा कार्यान्वयन र नियमन गर्ने,
- नेपाल सरकारले कृषि, पशुपालन, अनुसन्धान, खाद्यपोषण, कृषि वातावरण संरक्षण, कृषि भूमि व्यवस्थापन, कृषि बजार र व्यवसाय, सहकारी लगायतको प्रवर्द्धनका लागि अवलम्वन गरेका नीति एवं नियम कानूनवारे जानकारी प्रसारण गर्ने,
- कृषि तथा पशुपन्छी सम्बन्धी विषयको तालिमको राष्ट्रिय स्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्वदेशी एवं विदेशी सहभागीहरुको लागि कस्टोमाइज्ड तालिम कोर्स सन्चालन गर्ने,
- अनुसन्धानबाट विकास गरिएका प्रविधि एवं अन्य श्रोतबाट प्राप्त वा सिर्जित प्रविधि एवं कृषक तथा अन्य सरोकारवालाको माग एवं आवश्यकता बमोजिमको सूचना तथा जानकारी छिटो छरितो रुपमा प्रकाशन एवं प्रसारण गर्ने,
- कृषि सूचना तथा जानकारी छिटो छरितो रुपमा कृषक र अन्य सरोकारवाला समक्ष पुर्‍याउन सूचना प्रविधिको अलावा अन्य नवीनतम र प्रभावकारी माध्यमको खोजी एवं प्रयोग गर्ने,
- कृषकमा रहेको परम्परागत ज्ञान, शिप र प्रविधिको खोज एवं संकलन, डकुमेन्टेशन एवं प्रकाशन तथा प्रसारण गर्ने,
- कृषि प्रविधि एवं कृषि सम्वन्धि अन्य सवै खाले जानकारी र सूचनाको राष्ट्रिय भण्डार (National repository) को रुपमा कार्य गर्ने,
- प्रदेश एवं स्थानीय तहका कृषि सूचना तथा संचार सम्वन्धी कार्य गर्ने निकायहरुको क्षमता विकास तथा पृष्ठपोषण र समन्वय गर्ने,
- साविक राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषवाट प्रतिशपर्धी सहायता प्राप्त गरी संचालनमा रहेका कार्यक्रमहरुको अभिलेख व्यवस्थापन गर्ने,
- किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा सहजीकरण गर्ने,
- सार्क कृषि सूचना केन्द्र (SAC) को राष्ट्रिय फोकल विन्दुको रुपमा कार्य गर्ने,
- निजीक्षेत्र मैत्री कृषि सञ्चार पद्दति विकास सम्वन्धी कार्यहरु गर्ने,

## ३) निकायको कर्मचारी विवरण

| क्र. स. | पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख | १ | १ | - | |
| २ | वरिष्ठ कृषि प्रसार अधिकृत | ४ | ४ | - | पदपूर्ति भएको मध्ये १ जना लामो समयको घर विदामा |
| ३ | वरिष्ठ कृषि अर्थ विज्ञ | १ | १ | - | |
| ४ | वरिष्ठ पशु विकास अधिकृत | १ | १ | - | |
| ५ | वागवानी विकास अधिकृत | ४ | ३ | १ | |
| ६ | बाली विकास अधिकृत | २ | २ | - | १ जना अध्ययन विदामा |
| ७ | मत्य विकास अधिकृत | १ | - | १ | |
| ८ | बाली संरक्षण अधिकृत | ३ | - | ३ | |
| ९ | कृषि प्रसार अधिकृत | २ | १ | १ | |
| १० | पशु चिकित्सक | २ | २ | - | |
| ११ | पशु विकास अधिकृत | २ | २ | - | |
| १२ | रेडियो प्रसारक अधिकृत | ३ | - | ३ | |
| १३ | प्राविधिक सहायक | १ | १ | - | |
| १४ | पशु सेवा प्राविधिक | १ | १ | - | |
| १५ | नासु | १ | १ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | लेखापाल | १ | १ | - | |
| १७ | क्यामेरामेन | १ | - | १ | सेवा समुह गठन तथा श्रेणी विभाजन नियमानुसार पदनाम नमिलेको |
| १८ | प्रेस मेन | १ | १ | - | सेवा समुह गठन तथा श्रेणी विभाजन नियमानुसार पदनाम नमिलेको |
| १९ | कम्प्युटर अपरेटर | १ | १ | - | |
| २० | सहायक क्यामरामेन | १ | १ | - | सेवा समुह गठन तथा श्रेणी विभाजन नियमानुसार पदनाम नमिलेको |
| २१ | खरिदार | १ | १ | - | |
| २२ | ह.स..चा. | ४ | १ | ३ | करारमा पदपूर्ति गरिएको |
| २३ | का.स. | ५ | ० | ५ | करारमा पदपूर्ति गरिएको |
| कुल | | ४४ | २६ | १८ | |

४) **निकायबाट प्रदान गरिने सेवा:**

**यस केन्द्रमा रहेका विभिन्न शाखा मार्फत निम्नानुसारको सेवा प्रदान गरिन्छ।**

**कृषि तालिम शाखा**

- कृषि सेवा अन्तर्गतका कृषि तर्फका जनशक्तिहरुको तालिम आवश्यकता पहिचान गर्ने
- तालिम आवश्यकता पहिचान अनुसार कृषि सम्बन्धी तालिम कार्यक्रम तर्जुमा एवं संचालन गर्ने
- सम्बन्धित विज्ञसङ्गको समन्वयमा केन्द्रबाट सन्चालन हुने र अन्य निकायबाट अन्य निकायबाट अनुरोध भएका कृषिसङ्ग सम्बन्धित विषयको तालिम पाठ्यक्रमको मस्यौदा तयार गर्ने
- विभिन्न संघीय र प्रादेशिक निकायबाट प्रदान गरिने कृषि सम्बन्धी तालिममा एकरुपता कायम गर्न सहजीकरण र समन्वय गर्ने
- कृषि तालिम सम्पन्न पश्चात तालिमको प्रभाव मूल्याङ्कन गर्ने

**पशुपन्छी तालिम शाखा**

- कृषि सेवा अन्तर्गतका पशुपन्छी तथा मत्स्य तर्फका जनशक्तिहरूको तालिम आवश्यकता पहिचान गर्ने
- तालिम आवश्यकता पहिचान अनुसार पशुपन्छी तथा मत्स्य सम्बन्धी तालिम कार्यक्रम तर्जुमा एवं संचालन गर्ने
- सम्बन्धित विज्ञसङ्गको समन्वयमा पशुपन्छी तथा मत्स्यसंग सम्बन्धित विषयको तालिम पाठ्यक्रमको मस्यौदा तयार गर्ने
- विभिन्न संघीय र प्रादेशिक निकायबाट प्रदान गरिने पशुपन्छी तथा मत्स्य सम्बन्धी तालिममा एकरुपता कायम गर्न सहजीकरण र समन्वय गर्ने
- पशुपन्छी तथा मत्स्य सम्बन्धी तालिम सम्पन्न पश्चात तालिमको प्रभाव मूल्याङ्कन गर्ने

**कृषि अनुसन्धान तथा विकास कोष व्यवस्थापन शाखा**

- कृषि अनुसन्धान तथा विकास कोष व्यवस्थापन कोषबाट सञ्चालित आयोजनाहरुको अभिलेख सुरक्षित राख्ने
- कोषसँग सम्बन्धित विवरणहरु तथा तथ्याङ्क माग भएमा आवश्यकता अनुरुप कार्यालय प्रमुखको निर्देशन अनुरुप उपलब्ध गराउने
- किसान सूचीकरण प्रणालीको सन्चालन एवम् व्यवस्थापन गर्ने
- किसान सूचीकरण कार्य गर्ने स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहजीकरण गर्ने
- किसान सूचीकरणमा संलग्न स्थानीय एवम् प्रदेश सरकार अन्तर्गतका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने
- केन्द्रको योजना तर्जुमा गर्ने
- केन्द्रबाट सञ्चालन गरिने कार्यक्रमहरुको नियमित अनुगमन तथा निरीक्षण गरी प्रगति प्रतिवेदन तयार गर्ने

**प्रकाशन शाखा**

- कृषि तथा पशुपन्छी डायरी प्रकाशन तथा वितरण गर्ने
- प्राविधिक पुस्तिका र कृषि त्रैमासिक पत्रिका प्रकाशन तथा वितरण गर्ने
- कृषि क्यालेन्डर प्रकाशन तथा वितरण गर्ने

- Journal of Agriculture Development प्रकाशन तथा वितरण गर्ने
- कृषि संचार प्राविधिक समिति र कृषि संचार निर्देशन समितिको बैठक सञ्चालन गर्ने
- केन्द्रबाट प्रकाशन भएका सामाग्रीहरुको प्रभावकारित अध्ययन गरी समयसापेक्ष सुधार गर्ने

**प्रशारण शाखा**

- रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत प्रसारण हुने कृषि, पशुपालन, बागवानी, मत्स्य, खाद्य प्रविधि तथा गुण नियमन, कृषि बजार लगायत कृषि सम्बन्धी प्राविधिक ज्ञान, कृषिसम्बद्ध विषयवस्तु एवं सन्देशमूलक कृषि कार्यक्रमहरूको उत्पादन गर्ने
- उत्पादित कृषि कार्यक्रमहरु रेडियो तथा टेलिभिजन मार्फत प्रसारण गर्ने व्यवस्था गर्ने
- कृषि प्रविधि र कृषि सम्बन्धी जनचेतनामूलक सन्देश उत्पादन गरी केन्द्रको सामाजिक सन्जालमार्फत प्रसारण गर्ने
- रेडियो, टेलिभिजन एवम् सामाजिक सन्जालबाट प्रसारण भएका कृषि कार्यक्रम/जनचेतनामूलक सन्देशहरुको नियमित प्रभाव अध्ययन गरी परिमार्जन एवम् सुधार गर्ने

**कृषि सूचना र समन्वय शाखा**

- सूचना प्रविधिको प्रयोग मार्फत कृषि प्रविधिहरु किसान/उद्यमीसम्म पुर्याउन आवश्यक कार्यक्रम तर्जुमा गर्ने र सो बमोजिम सूचना प्रवाह गर्ने
- एस.एम.एस मार्फत किसान र सरोकारवालाहरुलाई समयानुकूल साप्ताहिक मौसम पूर्वानुमान र सोही अनुसार कृषि कर्म गर्न सुझाव तथा समयानुकूल कृषि प्रविधिसम्बन्धी सूचना प्रेषित गर्ने
- केन्द्रद्वारा सन्चालित किसान कल सेन्टरको संयोजन/व्यवस्थापन गर्ने
- किसान कल सेन्टरमा किसान/उद्यमीहरुबाट प्राप्त हुने समस्या समाधान गर्न सक्ने विज्ञहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने
- कृषि सूचना प्रवाह गर्ने प्रयोजनका लागि केन्द्रबाट सन्चालन एवम् व्यवस्थापन भएका विद्युतीय माध्यमहरुबाट भएका सूचना प्रवाहको प्रभावकारिता अध्ययन गरी समयसापेक्ष सुधार गर्ने र नयाँ प्रविधिहरुको प्रयोग मार्फत सूचना प्रवाह गर्ने

**प्रशासन शाखा**

- केन्द्रको कर्मचारी प्रशासन
- आन्तरिक व्यवस्थापन तथा जिन्सी व्यवस्थापन
- कागजात/अभिलेख व्यवस्थापन
- आर्थिक प्रशासन सम्बन्धी कार्य
- अन्य शाखाहरुसँग समन्वय र सहजीकरण गर्ने

## ५) निकायको शाखा र जिम्मेवार अधिकारी

**कृषि तालिम शाखा**

- डा. प्रकाश राज विष्ट — वरिष्ठ कृषि प्रसार अधिकृत
- गृष्मा गुरागाई — बागबानी बिकास अधिकृत
- कृष्ण तामाङ्ग — प्रविधिक सहायक

**पशुपन्छी तालिम शाखा**

- डा.जस्मिना रावल— वरिष्ठ पशु विकास अधिकृत
- डा.संजिव पंडित- पशु चिकित्सक
- अनिता थारू- प्राविधिक सहायक

**कृषि अनुसन्धान तथा विकास प्रतिस्पर्धी कोष व्यवस्थापन शाखा**

- सृजना तिमल्सिना - वरिष्ठ कृषि अर्थ विज्ञ
- समिक्षा बडाल- कृषि प्रसार अधिकृत

- मीन बहादुर के.सी.- बागबानी बिकास अधिकृत
- डा.पुजा बराल- पशु विकास अधिकृत

**प्रकाशन शाखा**

- शोभा ढकाल- वरिष्ठ कृषि प्रसार अधिकृत
- बलारामकृष्ण बन्जाडे- पशु विकास अधिकृत
- सुरज लामा-सिनियर प्रेस म्यान
- गिता वोगटी-फोटोग्राफर

**प्रसारण शाखा**

- प्रज्ञा श्रेष्ठ- वरिष्ठ कृषि प्रसार अधिकृत
- डा. शान्ती कुँवर-बागबानी बिकास अधिकृत
- कृति आचार्य- बागबानी विकास अधिकृत
- महोदत्त चापागाई- कार्यक्रम उत्पादक
- लक्ष्मी भुषाल-आवाज विज्ञ
- मनोहर न्यौपाने-क्यामेरा म्यान
- काशीनाथ दवाडी-सहायक रेडियो प्रसारक
- विद्यासागर ताम्रकार-भिडियो सम्पादक
- सुजन श्रेष्ठ-क्यामेरा म्यान
- नरेश प्रसाद न्यौपाने-सहायक रेडियो प्रसारक

**कृषि सूचना र समन्वय शाखा**

- सन्दिप सुवेदी -वरिष्ठ कृषि प्रसार अधिकृत (हाल घर बिदामा)
- चित्रकला चौहान-बाली बिकास अधिकृत

**प्रशासन शाखा**

- पुष्पराज सुवेदी —नायब सुब्बा
- राम गणेश राय- लेखापाल
- आग्रह आचार्य-खरिदार
- रविन्द्र खत्री- ह.स.चा.
- राजेश काफ्ले-ह.चा.स.
- प्रकाशमान श्रेष्ठ-ह.चा.स.
- अर्जुन अधिकारी-ह.चा.स.
- शिवमाया लिम्बु-का.स.
- ललिता देव-का.स.
- दिपकराज सेढाई-का.स.
- राजकुमार तिमल्सिना-का.स.
- विमला खत्री-छात्रावास सरसफाई
- तिल कुमारी तिमल्सिना-बगैचा सरसफाई
- बाल कुमारी नेपाली-स्वीपर

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस केन्द्रबाट दस्तुर लाग्ने प्रकृतिको कुनै पनि सेवा प्रवाह हुँदैन।

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयबाट निर्णय गर्दा स्वीकृत ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरुलाई परिपालन गर्ने गरिएको छ। यसको अलावा आन्तरिक तथा नियमित कार्यहरु सम्पादनका लागि निम्न वमोजिमको व्यवस्था गरिएको छ। केन्द्रमा व्यवस्था गरिएको खरिद ईकाई र मुल्याङ्कन समिति मार्फत खरिद प्रकृयाको सिफारिस हुने,

- **पाठ्यक्रम समिति** मार्फत तालिम पाठ्यक्रम तयारी गरिने,
- **कृषि सञ्चार निर्देशक समिति र कृषि सञ्चार प्राविधिक समिति** मार्फत केन्द्रबाट सञ्चालन हुने प्रकाशन र प्रसारणका कार्यलाई प्रभावकारी तथा सान्दर्भिकता, गुणस्तरियता कायम हुने गरी प्राथमिकता निर्धारण गर्ने लगायतका मार्गदर्शन तथा निर्देशन प्राप्त गरिने,
- आन्तरिक तथा नियमित कार्यहरु सम्पादनका सामूहिक निर्णयहरु नियमित रुपमा बसिने staff meeting बाट गरिने,
- सबै कर्मचारीहरुले आफूले प्राप्त गरेको **कार्यविवरणका आधारमा** कार्यहरु सम्पादन गर्ने र सम्पादन गरिएका कामहरुको आन्तरिक अनुगमन तथा मूल्याङ्कन हुने ।

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने यस कार्यालयबाट प्रदान गरिएका सेवा प्रति भएका गुनासो वा प्रश्नहरु केन्द्र प्रमुख समक्ष पेश गर्न सकिनेछ।

९)  सम्पादन गरेको कामको विवरण: चौथो त्रैमासिकमा केन्द्रबाट संचालन गरिएका प्रमुख कार्यहरु यस प्रकार रहेका छन्।

| क सं | लक्षित क्रियाकलाप | प्रगति | सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धि |
|---|---|---|---|
| १ | **कृषि तथा पशुपन्छी तालिम संचालन** | जम्मा १० वटा तालिम सम्पन्न | प्राविधिक कर्मचारीहरुको क्षमता अभिबृद्धि भएको |
| २ | रेडियो नेपाल र नेपाल टेलिभिजनसंगको सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण (दैनिक) | नियमित रुपमा उत्पादन तथा प्रसारण | कृषि प्राविधिक सूचना, सफलताका कथा एवं प्राविधिक जानकारीहरु सम्प्रेषण भइ कृषि उत्पादन वृध्दि एवं बजारीकरणमा टेवा पुगेको |
| ३ | किसान कल सेन्टरका लागि विज्ञ परामर्श | केन्द्रको टोल फ्रि नं. मा किसानवाट दैनिक प्राप्त हुने प्राविधिक जिज्ञासाहरु सम्वन्धित विज्ञहरुमा Call forwarding हुने व्यवस्था गरिएको। | किसानका प्राविधिक जिज्ञासा विज्ञहरुमार्फत समाधान भइरहेको।यस त्रैमासिक सम्ममा ११४ जना किसानहरुका प्राविधिक जिज्ञासाहरुको सम्बन्धित विज्ञहरुमार्फत समाधान दिइएको । |
| ४ | मौसमी/प्रविधि एस.एम.एस सूचना प्रवाह | हरेक हप्ताको शुक्रवार SMS मार्फत मौसमी तथा प्राविधिक सूचनाहरु प्रवाह गर्ने कार्यलाइ निरन्तरता दिइएको | करिव ८८००० किसानहरुलाइ Early warning पद्धति मार्फत सुचना प्रवाह गरि सम्भावित जोखिम न्यूनिकरण गर्न सहयोग पुगेको। |
| ५ | किसान सूचिकरण कार्यक्रम | किसान सूचिकरण कार्यलाइ निरन्तरता दिइएको । बागमती, मधेश र लुम्बिनी प्रदेशमा किसान सूचीकरण प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न। | • किसान सूचिकरण तथा वर्गीकरणको कार्य तदारुकताका साथ अगाडि बढ्दै गरेको । हालसम्म २६ लाख ६४ हजार किसान प्रणालीमा सूचिकृत भएको ।<br>• स्थानीय तहका प्राविधिक र सूचना प्रविधि (IT) का कर्मचारीहरु गरी जम्मा ७० जना सहभागीको क्षमता अभिवृद्धि भएको। |

**चौथो त्रैमासिकमा केन्द्रबाट संचालन गरिएका कृषि तथा पशुपन्छी तालिमहरु निम्न बमोजिम रहेको छ।**

| क्र.स. | तालिमको नाम | प्रगति | प्रशिक्षार्थीको कुल संख्या | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अधिकृतस्तर पर्यावरणीय कृषि सम्वन्धी तालिम | १ | ११ | ५ | ६ | **तेस्रो त्रैमासिकमा लक्ष्य रहेका तर चौथो त्रैमासिकमा सम्पन्न** |
| २ | Officer Level ISO Accreditation training for Laboratory | १ | २४ | ९ | १५ | " |
| ३ | प्रदेशस्तरमा किसान सूचीकरण तालिम | ७ | १३४ | ४७ | ८७ | **प्रथम र दोस्रो त्रैमासिकमा लक्ष्य रहेका तर चौथो त्रैमासिकमा सम्पन्न** |
| ४ | असल कृषि अभ्यास तालिम | १ | २२ | ८ | १४ | **तेस्रो त्रैमासिकमा लक्ष्य रहेका तर चौथो त्रैमासिकमा सम्पन्न** |
| ५ | Officer Level Quarantine Management Training | १ | २० | ७ | १३ | " |
| ६ | IEE/EIA सम्बन्धि संघ र प्रदेशमा कार्यरत कर्मचारी तालिम | १ | १८ | ५ | १३ | **पहिलो त्रैमासिकमा लक्ष्य रहेका** |

| क्र.स. | तालिमको नाम | प्रगति | प्रशिक्षार्थीको कुल संख्या | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | तर चौथो त्रैमासिकमा सम्पन्न |
| ७ | सहायकस्तर Plastic House निर्मान सम्बन्धि तालिम ३ दिने | १ | २३ | ९ | १४ | तेस्रो त्रैमासिकमा लक्ष्य रहेका तर चौथो त्रैमासिकमा सम्पन्न |
| ८ | अधिकृतस्तर रैथाने तथा स्थानीय जात क्षमता विकास तालिम | १ | १५ | ९ | ६ | चौथो त्रैमासिकमा लक्ष्य रहेका र सम्पन्न |
| ९ | आर्थिक र कृषि पत्रकाहरुलाई तालिम | १ | १५ | ९ | ६ | चौथो त्रैमासिकमा लक्ष्य रहेका र सम्पन्न |
| १० | आधारभुत सेवाकालीन तालिम-सहायकस्तर (रा.प.अनं प्र.) | १ | १६ | ४ | १२ | तेस्रो त्रैमासिकमा लक्ष्य रहेका तर चौथो त्रैमासिकमा सम्पन्न |
| | जम्मा | १६ | २९८ | ११२ | १८६ | |

- **चौथो त्रैमासिकमा केन्द्रबाट सञ्चालन गरिने तालिमहरुको लक्ष्य २ वटा भएकतापनि प्रथम दोस्रो तथा तेस्रो त्रैमासिक अवधिमा लक्ष्य तोकिएका तर सन्चालन हुन नसकेका तालिम कार्यक्रम समेत गरी जम्मा १० वटा तालिमहरु सञ्चालन गरिएको।**

**रेडियो तथा टेलिभिजन कृषि कार्यक्रम:** यस केन्द्रबाट सार्वजनिक सेवा प्रसारण नेपाल र नेपाल टेलिभिजनसंगको सहकार्यमा उत्पादन तथा प्रसारण (दैनिक) गरिने कृषि कार्यक्रमहरु यस प्रकार रहेका छन्।

| क्र.स | बार/दिन | रेडियो नेपाल (प्रत्येक साँझ ६:४० – ६:५५) | नेपाल टेलिभिजन (प्रत्येक साँझ ६:४० – ६:५७) |
|---|---|---|---|
| १. | आइतबार | साप्ताहिक कृषि गतिविधि | कृषि संवाद (रैथाने बालीको प्रवर्द्धन,व्यवसायिक मौरीपालन,युवालाई कृषिमा आकर्षण गर्ने विषयमा आधारित) |
| २. | सोमबार | पौरखी कथा | नविन कृषि प्रविधि ( किविका जातहरु, मौरीमा कृत्रिम आहारा व्यवस्थापन,उखु खेति प्रविधि) |
| ३. | मंगलबार | नविन कृषि प्रविधि | किसान प्रश्न मन्च (रेबिज सम्बन्धी-कैलाली) |
| ४. | बुधबार | कृषि संवाद | सफल कृषक |
| ५. | बिहिबार | किसान प्रश्न मन्च | कृषिमा महिला |
| ६. | शुक्रबार | जे.टि. ए. र बुढी आमा | कृषि गतिबिधि |
| ७. | शनिबार | रेडियो पत्रिका तथा कृषि नाटक | कृषि टेलि सिरियल “भरोसा युवामा” |

**१०)सूचना अधिकारी र प्रमुखको नाम थर र पद**

कार्यालय प्रमुखः- श्री सवनम शिवाकोटी, प्रमुख

सूचना अधिकारीः श्री डा.प्रकाश राज विष्ट , वरिष्ठ कृषि प्रसार अधिकृत-९८५१३१०६१५

सहायक सूचना अधिकारी: श्री डा. पुजा बराल, पशु विकास अधिकृत, ९८४५५४४६२६

## ११) यस केन्द्रसँग सम्बन्धित ऐन, नियम विनियम निर्देशिका र कार्यविधिहरुको सूची

- किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका २०८१
- कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कार्यक्रम सन्चालन कार्यविधि, २०८२
- Guidelines to Authors: Manuscript Preparation and Submission of Agriculture Development Journal
- किसान सूचीकरण कार्यमा सग्लन्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स) २०८२

## १२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण-:

**आ.व. २०८२/८३ को चौथो त्रैमासिक अवधिको विनियोजित बजेट तथा खर्चको अवस्था**

| निकायको नाम | वार्षिक बजेट रु. हजारमा | | | चौथो त्रैमासिक बजेट रु. हजारमा | | | चौथो त्रैमासिक अवधिको खर्च रकम रु. हजारमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु बजेट | पूँजीगत बजेट | कुल बजेट | चालु बजेट | पूँजीगत बजेट | कुल बजेट | चालु खर्च | पूँजीगत खर्च | कुल खर्च |
| कृषि सूचना तथा प्रशिक्षण केन्द्र | ११०९७६.०० | १०४०० | १२१३७६.०० | २०२६५ | १५४.०० | २०४१९ | ३४४४४.६७ | ४६१५.८९ | ३९०६०.५६ |

**आ.व. २०८२/८३ को बार्षिक विनियोजित बजेट तथा खर्चको अवस्था**

| निकायको नाम | वार्षिक विनियोजित बजेट (रु. हजारमा) | | | वार्षिक खर्च (रु. हजारमा) | | | वार्षिक वित्तीय प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु बजेट | पूँजिगत बजेट | कुल बजेट | चालु बजेट | पूँजिगत बजेट | कुल बजेट | चालु खर्च | पूँजिगत खर्च | कुल खर्च |
| कृषि सूचना तथा प्रशिक्षण केन्द्र | ११०९७६.०० | १०४०० | १२१३७६.०० | ७५२६९.२१ | ६४४२.७१ | ८१७११.९२ | ६७.८ | ६१.९५ | ६७.३२ |

## १३) तोकिए वमोजिमका अन्य विवरण-

- केन्द्र प्रमुख **SAARC Agriculture Center (SAC)** को सदस्य रहने व्यवस्था रहेकाले सो जिम्मेवारी निर्वाह गरेको।


**केन्द्रमा सम्पर्क गर्नका लागि**

**सम्पर्क नं-**

*१-५४२२२४८/५४२५६१७/*
*५४२२२५८*

*Email: info@aitc.gov.np*
*Web: www.aitc.gov.np*
*You tube: @iiaitcnepal2768*

किसान कल सेन्टरको प्रयोजनको लागि केन्द्रको टोल. फ्री नं.-१६६००१९५०००